# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।०८।२८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

बिद्युत् प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, लाहान वितरण केन्द्रका लेखा प्रमुख विष्णु प्रसाद गुप्ताले अवकाशप्राप्त कर्मचारीले पाउने रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा नेपाल विद्युत् प्राधिकरण, लाहान वितरण केन्द्र, लाहान सिराहाको मिटररिडर पदबाट अनिवार्य अवकाश पाएका धनपति ठाकुर, हेल्पर पदबाट अनिवार्य अवकाश पाएका सत्यनारायण साहले अनिवार्य अवकाश भएपश्चात प्राप्त गर्ने बीमावापतको रकम उक्त वितरण केन्द्रका लेखा प्रमुख विष्णु प्रसाद गुप्ताले सम्वन्धित व्यक्तिहरुलाई बिना जानकारी, निजहरुलाई झुक्याई निकासा भुक्तानी भौचरमा दस्तखत गराई बीमावापत पाउने रकमको चेक बनाई कार्यालय सहायकमार्फत धनपति ठाकुरको नामको रु.८,०७,३६०।- को चेक निज विष्णु प्रसाद गुप्ताको बैंक अफ काठमाडौं लाहान शाखाको खातामा जम्मा गराएको र सत्यनारायण साहको रु.१,२४,२००।- कार्यालय सहायकलाई सटही गर्न लगाई आफैले नगद लिएको, बीमावापतको रकम पाउदैनौ भनेकोमा धनपति ठाकुरले पछि नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालयमा सोधपुछ गर्दा बीमावापतको रकम निकासा भैसकेको जानकारी पाई लाहान वितरण केन्द्रमा गई जानकारी गराएपश्चात सो बीमावापतको रकम आफू बच्नको लागि रकम तलमाथि भएको रहेछ भनी बहाना पारी पीडितको विश्वास प्राप्त गर्नको लागि रकम फिर्ता गरेको भएतापनि निज विष्णु प्रसाद गुप्ताले लाहान वितरण केन्द्रबाट अनिवार्य अवकाश भएका सेवाग्राही मिटररिडर धनपति ठाकुर र हेल्पर सत्यनारायण साहलाई अवकाशपश्चात केन्द्रीय कार्यालयबाट निकासा भई आएबमोजिम भुक्तानी दिनुपर्ने बीमावापतको रकम निज विष्णु प्रसाद गुप्ताले नदिने गलत मनसायले आफूले लिने खाने बदनियत राखी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज विष्णु प्रसाद गुप्तालाई सोही ऐनको दफा ५ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता

नारायण प्रसाद रिसाल